प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत

# अधिकृतस्तर नवौ तहका (अप्राविधिक/प्राविधिक) पदहरुको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।

सूचना नं.- ८४/०८३-८४ प्रकाशन मितिः२०८३/०६/३०

प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश भित्रका स्थानीय तहहरुबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका सेवा, समुह र उपसमूहका अधिकृत स्तर नवौं तहका (प्राविधिक/अप्राविधिक) पदहरुमा प्रदेश निजामती सेवा ऐन तथा नियमावली र स्थानीय निजामती सेवा ऐन तथा नियमावाली बमोजिम अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका पदहरुमा योग्यता पुगेका उम्मेदवारहरुवाट विद्युतीय (online) दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट (online) दरखास्त दिनु पर्नेछ । प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवाका अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षाहरु एकीकृत रुपमा एकैपटक सञ्चालन गरिनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

| क्र.सं. | विज्ञापन नं | पद | सेवा/समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| (अ) स्थानीय प्रशासन सेवातर्फ | | | | | |
| १ | ५०००१/०८३-८४ | उपसचिव/ उप-निर्देशक | स्थानीय प्रशासन/सामान्य प्रशासन | आ.ज. महिला | १** |
| (आ) प्रदेश तथा स्थानीय स्वास्थ्य सेवातर्फ | | | | | |
| १ | ५१००२/०८३-८४ | मेडिकल सुपरिटेन्डेन्ट | प्रदेश स्वास्थ्य/ जनरल हेल्थ सर्भिसेस | अन्तर तह | १ |
| | | | स्थानीय स्वास्थ्य/ जनरल हेल्थ सर्भिसेस | | १ |
| २ | ५१००३/०८३-८४ | कन्सल्टेन्ट जनरल फिजिसियन | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | अन्तर तह | १ |
| ३ | ५१००४/०८३-८४ | जनस्वास्थ्य प्रशासक | प्रदेश स्वास्थ्य/हे.ई. | अन्तर तह | १ |
| ४ | ५१००५/०८३-८४ | | | खुला | १ |
| ५ | ५१००६/०८३-८४ | कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | प्रदेश स्वास्थ्य/मेडिकल जनरल | अन्तर तह | १ |
| ६ | ५१००७/०८३-८४ | | | आ.ज.महिला | १ |
| ७ | ५१००८/०८३-८४ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | प्रदेश स्वास्थ्य/अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी | खुला | १ |
| ८ | ५१००९/०८३-८४ | | | आ.ज.महिला | १ |
| ९ | ५१०१०/०८३-८४ | अर्थोपेडिक सर्जन | प्रदेश स्वास्थ्य/ सर्जरी/ अर्थोपेडिक सर्जरी | खुला | १* |
| १० | ५१०११/०८३-८४ | कन्सल्टेण्ट सर्जन | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | आ.ज.महिला | १ |
| ११ | ५१०१२/०८३-८४ | कन्सल्टेण्ट एनेस्थोलोजिष्ट | प्रदेश स्वास्थ्य/एनेस्थेसियोलोजी | आ.ज.महिला | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ५१०१३/०८३-८४ | कन्सल्टेन्ट साईक्याट्रिष्ट | प्रदेश स्वास्थ्य/साईक्याट्रि | आ.ज.महिला | १ |
| १३ | ५१०१४/०८३-८४ | कन्सल्टेण्ट प्याथोलोजिष्ट | प्रदेश स्वास्थ्य/प्याथोलोजी | खुला | १ |
| १४ | ५१०१५/०८३-८४ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | प्रदेश स्वास्थ्य/रेडियोलोजी | अन्तर तह | १ |
| १५ | ५१०१६/०८३-८४ | | | खुला | १* |
| १६ | ५१०१७/०८३-८४ | | | आ.ज.महिला | १ |
| १७ | ५१०१८/०८३-८४ | स्वास्थ्य प्रशासक | प्रदेश स्वास्थ्य/पब्लिक हेल्थ एडमिनिष्ट्रेशन | खुला | १ |
| (इ) प्रदेश तथा स्थानीय ईन्जिनियरिङ्ग सेवातर्फ | | | | | |
| १ | ५२००१/०८३-८४ | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ/सिभिल/बि एण्ड आर | खुला | १ |
| २ | ५२००२/०८३-८४ | डिभिजनल इन्जिनियर | स्थानीय इन्जिनियरिङ/सिभिल | अन्तर तह | १ |
| ३ | ५२००३/०८३-८४ | | | खुला | १ |
| ४ | ५२००४/०८३-८४ | | | आ.ज.महिला | १** |
| (ई) प्रदेश कृषि सेवातर्फ | | | | | |
| १ | ५३००१/०८३-८४ | मुख्य कृषि प्रसार अधिकृत | प्रदेश कृषि / कृषि प्रसार | खुला | १ |
| (उ) प्रदेश वन सेवातर्फ | | | | | |
| १ | ५४००१/०८३-८४ | डिभिजनल वन अधिकृत/ वन उपनिर्देशक | प्रदेश वन / जनरल फरेष्ट्रि | अन्तर तह | १ |
| (ऊ) स्थानीय शिक्षा सेवातर्फ | | | | | |
| १ | ५५००१/०८३-८४ | शिक्षा निर्देशक | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | आ.ज. महिला | १ |

*** प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ११ को उपदफा(७) बमोजिम दुई आर्थिक वर्षमा समावेशी आ.ज.महिला तर्फ सिफारिस नभएको हुँदा यस वर्ष खुला प्रतियोगिता तर्फ पद समावेश गरिएको।**

**** प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ११ को उपदफा(७) बमोजिम गत आ.व.मा आ.ज.महिला तर्फ पदपूर्ति नभएको हुँदा पुनः विज्ञापन गरिएको।**

**परीक्षाको किसिम:-** लिखित परीक्षा र अन्तर्वार्ता साथै प्रशासन सेवाको हकमा मामिला अध्ययन,विश्लेषण,प्रस्तुतीकरण।

**परीक्षा केन्द्र:-** बुटवल

**परिक्षा मिति,समय र स्थान:-** परीक्षा मिति सम्बन्धी जानकारी आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np मार्फत पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

| | |
|---|---|
| **दरखास्त दस्तुर:-** | दरखास्त दस्तुर रु. १२००।- (एकहजार दुईसय) बुझाउनु पर्नेछ । थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. ५००/- (पाँचसय) थप दस्तुर बुझाउनुपर्नेछ । |
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** | आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्नु पर्नेछ । Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्काले भुक्तानी गर्न सकिने छ । Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइ सक्नुपर्नेछ । यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ । |
| **दरखास्त दिने अन्तिम मिति:-** | २०८३।०७।१९ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८३।०७।२६ गतेसम्म । |
| **उम्मेदवारको उमेरको हद:-** | प्रचलित कानून अनुसारका प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवाका पदहरूमा २०८३।०७।१९ सम्म २१ वर्ष उमेर पूरा भै ४५ वर्ष ननाघेको । संघीय र सबै प्रदेशका निजामती सेवाका स्थायी कर्मचारी र स्थानीय तहको स्थानीय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। |
| **पेश गर्नुपर्ने कागजातहरु:-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने प्रमाणित कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ । *तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाके बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ ।* |
| **पदमा रही गर्नुपर्ने कामको विवरण:-** | सेवा, समूह सम्बन्धी कानुन बमोजिम प्रदेश सरकार र स्थानीय तहले तोके बमोजिम । |
| **सेवा, शर्त र सुविधा:-** | सेवा, शर्त र सुविधा प्रचलित कानुन बमोजिम हुने । |
| **सेवा सम्बन्धी मन्त्रालय/तह:-** | सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय र स्थानीय तह । |

**आवश्यक न्यूनतम योग्यता:**

**(क) अन्तर तह प्रतियोगिताका लागि आवश्यक योग्यता:**

१. प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा ४ र प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ७० र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० को उपदफा ४ बमोजिमको योग्यता पुगेको ।

२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १८ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १९ को उपदफा २ बमोजिम अयोग्य नठहरिएको ।

**(ख) खुला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८ र स्थानीय निजामती सेवा ऐन २०८१, को दफा १९ बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन सक्नेछन् ।

**(ग) अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

१. स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह उपसचिव/उपनिर्देशक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थावाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र,व्यापार प्रशासन,जनप्रशासन, शिक्षाशास्त्र, कानुन वा विज्ञानमा स्नातकोत्तर वा

सो सरह गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त गरेको।

२. प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह डिभिजनल वन अधिकृत/वन उप निर्देशक पदका लागि : सातौं तहको पदमा सेवा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर वा वन स्रोत मापन(फरेष्ट मेन्सुरेशन) वा वन स्रोत सर्वक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वनयजन्तु संरक्षण/ व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण र ऐनको दफा १० को उपदफा(२) बमोजिमको अनुभव प्राप्त।

३. स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह डिभिजनल इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

४. स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ एण्ड आर्किटेक्ट उपसमुह, डिभिजनल इन्जिनियर पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ वा स्ट्रक्चरल वा टाउन प्लानिङ वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्बान प्लानिङ विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण वा ऐनको दफा १० को उपदफा (२) बमोजिम अनुभव र आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ वा स्ट्रक्चरल वा टाउन प्लानिङ वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्बान प्लानिङ विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण।

५. प्रदेश/स्थानीय स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह, मेडिकल सुपरिटेण्डेण्ट पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस वा सो सरह उतिर्ण गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त ।

६. प्रदेश स्वास्थ्य सेवा, मेडिसिन समूह जनरल मेडिसिन/कन्सल्टेन्ट जनरल फिजिसियन पदका लागि: जनरल वा इन्टरनल मेडिसिन स्नातकोत्तर उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

७. प्रदेश स्वास्थ्य सेवा, सर्जरी समूह, अर्थोपेडिग सर्जरी उपसमूह, कन्सल्टेण्ट अर्थोपेडिक सर्जन पदका लागि : अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

८. प्रदेश स्वास्थ्य सेवा, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी समूह, कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट पदका लागि: गाइनोकोजिमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

९. प्रदेश स्वास्थ्य सेवा, रेडियोलोजी समूह, कन्सल्टेन्ट रेडियोलोजिष्ट पदको लागि: रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

१०. प्रदेश स्वास्थ्य सेवा, एनेस्थेसियोलोजी समूह, कन्सल्टेण्ट एनेस्थोलोजिष्ट पदको लागि: एनेस्थेसियोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

११. प्रदेश स्वास्थ्य सेवा, सर्जरी समूह, जनरल सर्जरी उपसमूह, कन्सल्टेन्ट सर्जन पदका लागि: जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

१२. प्रदेश स्वास्थ्य सेवा, साईक्याट्रि समूह, कन्सल्टेन्ट साईक्याट्रिष्ट पदका लागि: साइक्याट्रिमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

१३. प्रदेश स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, जनस्वास्थ्य प्रशासक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य बिषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त ।

१४. प्रदेश स्वास्थ्य सेवा, मेडिकल जनरलिष्ट समूह, कन्सल्टेण्ट मेडिकल जनरलिष्ट पदका लागि: एम.डि.जि.पी. उपाधि प्राप्त गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

१५. प्रदेश स्वास्थ्य सेवा,एकिकृत चिकित्सा समुह, स्वास्थ्य प्रशासक पदका लागिः मान्यता प्रप्त शिक्षण संस्थाबाट BAMMS तह वा सो सरह उत्तिर्ण गरी जनस्वास्थ्य बिषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

१६. प्रदेश स्वास्थ्य सेवा,प्याथोलोजी समुह, जनरल प्याथोलोजी उपसमुह, कन्सल्टेन्ट प्याथोलोजिष्ट पदका लागिः मान्यता प्रप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस.वा सो सरह उत्तिर्ण गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा २ बमोजिमको अनुभव प्राप्त।

१७. प्रदेश कृषि सेवा, कृषि प्रसार समुह, मुख्य कृषि प्रसार अधिकृत पदका लागिः सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण वा ऐनको दफा १० को उपदफा (२) बमोजिम अनुभव र कृषि प्रसार विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

१८. स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन र परिक्षण तथा मूल्याङ्कन समुह, शिक्षा निर्देशक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर तह सो सरह उत्तीर्ण गरी स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १० को उपदफा (२) बमोजिम अनुभव प्राप्त गरेको।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ।

**(क)** आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

### द्रष्टव्य

**(क)** प्रदेश निजामती ऐन, २०८० को दफा १० को उपदफा १४ र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ११ बमोजिम समान तहको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकाले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन् तर स्थानीय स्वास्थ्य सेवा अन्तर्गतका कर्मचारीहरू प्रचलित सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानुनले निर्धारण गरे बमोजिम समान तहको पदमा उम्मेदवार हुन पाउनेछन्।

**(ख)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

**(ग)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

**(घ)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।

**(ङ)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list/पाठ्यक्रम बाट प्राप्त गर्न सकिनेछ। सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ।

**(च)** दरखास्त दिने अन्तिम मितिभित्र (सिङगल दस्तुरको मिति) निर्धारित शैक्षिक योग्यता, अनुभव, समावेशी समूह सिफारिसका प्रमाणपत्र, काउन्सिल दर्ता र नवीकरणको प्रमाणपत्र र अन्य योग्यताको प्रमाणपत्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुरको अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**(छ)** माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८१ र स्थानीय निजामती सेवा ऐन, २०८१ र नियमावली, २०८१ बमोजिम हुनेछन्।

**(ज)** दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

# खुला तथा समावेशी पदका लागि विज्ञापन भएका पदहरुको स्थानीय तह अनुसारको विस्तृत विवरण

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा/समुह | माग गर्ने स्थानीय तह | जिल्ला | विज्ञापनको किसिम | माग |
|---|---|---|---|---|---|---|---|
| १ | ५०००१/०८३-८४ | उपसचिव/उप-निर्देशक | स्थानीय प्रशासन/सामान्य प्रशासन | तुल्सिपुर उपमहानगरपालिका | दाङ | आ.ज.महिला | १ |
| २ | ५१००२/०८३-८४ | मेडिकल सुपरिटेन्डेन्ट | स्थानीय स्वास्थ्य/ज.हे.स. | कृष्णनगर नगरपालिका | कपिलवस्तु | अन्तरतह | १ |
| ३ | ५२००२/०८३-८४ | डिभिजनल इन्जिनियर | स्थानीय इन्जिनियरिङ/सिभिल | वाणगंगा नगरपालिका | कपिलवस्तु | अन्तरतह | १ |
| ४ | ५२००३/०८३-८४ | डिभिजनल इन्जिनियर | स्थानीय इन्जिनियरिङ/सिभिल | बर्दघाट नगरपालिका | नवलपरासी (ब.सु.प.) | खुला | १ |
| ५ | ५२००४/०८३-८४ | डिभिजनल इन्जिनियर | स्थानीय इन्जिनियरिङ/सिभिल | घोराही उपमहानगरपालिका | दाङ | आ.ज.महिला | १ |
| ६ | ५५००१/०८३-८४ | शिक्षा निर्देशक | स्थानीय शिक्षा/शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | बर्दघाट नगरपालिका | नवलपरासी (ब.सु.प.) | आ.ज.महिला | १ |